# स्थानीय राजपत्र

## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ७ संख्या ८ मिति २०८०/०५/२८**

पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### भाग २

### पशुपालन व्यवसायमा संलग्न युवालाई प्रोत्साहन कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।०५।२६

**प्रस्तावना:** पालुङटार नगरपालिका क्षेत्रभित्र धेरै युवाहरु विदेशिने क्रम रहेको र बैदेशीक रोजगारबाट फर्किएका युवाहरुलाई पशुपंक्षीजन्य व्यवसायमा आर्कषण गर्न र पशुपंक्षीजन्य वस्तुको उत्पादकत्वमा वृद्धि गरी नगरपालिकामा दुध तथा मासुमा आत्मानिर्भर बनाई वर्षेनी ठूलो परिमाणका पशु तथा पशुजन्य पदार्थमा हुने आयातमा न्यूनीकरण गर्ने, आय आर्जन बढाउने, गरिवी नियन्त्रण गर्ने, स्वरोजगार बनाउने कार्यलाई सुव्यवस्थित, सहज र वैज्ञानिक रुपमा कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले पालुङटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगर कार्यपालिकाले यस कार्यविधि बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "पशुपालन व्यवसायमा संलग्न युवालाई प्रोत्साहन कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि पालुङटार नगरपालिका भित्र लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "अनुदान" भन्नाले नगरपालिकाबाट प्रदान गरिने नगद वा जिन्सी सामान सम्झनु पर्दछ ।

(ख "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक/कृषि उद्यमी र कृषि व्यवसायीहरुलाई सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले पालुङटार नगरपालिकाबाट सञ्चालन हुने पशुपालन व्यवसायमा संलग्न युवालाई प्रोत्साहन कार्यक्रम सम्झनु पर्दछ ।

(घ) "नगर प्रमुख" भन्नाले पालुङटार नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "नगर उप प्रमुख" भन्नाले पालुङटार नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपलिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "युवा" भन्नाले यस कार्यक्रम बमोजिमका लक्षित वर्गका युवा समूहलाई सम्झनु पर्दछ ।

(ज) "लक्षित वर्ग" भन्नाले यस कार्यक्रम बमोजिम वैदेशीक रोजगारीबाट फर्किएर पशुपालन व्यवसायमा संलग्न वा व्यवसाय शुरु गर्न ईच्छुक युवाहरुलाई सम्झनु पर्दछ ।

(झ) "सम्वन्धित कार्यालय वा शाखा" भन्नाले पालुङटार नगरपालिकाको पशु सेवा शाखा सम्झनु पर्दछ ।

(ञ) "स्थानीय तह" भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

**३. उद्देश्य : यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :-**

(क) नगरपालिकाभित्र पशुपन्छी व्यवसाय मार्फत स्वरोजगारका अवसरहरु सिर्जना गरी रोजगारमा लागि बिदेशबाट फर्किएका युवाहरुलाई सहयोग पुर्‍याउने,

(ख) भैसीपालन, गाईपालन, बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन आदी व्यवसाय मार्फत दुध र मासुजन्य पदार्थको उत्पादन बढाउने,

(ग) पशुपन्छीको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने,

(घ) उद्यमीहरुलाई आवश्यक पर्ने प्राविधिक सेवा उपलब्ध गराउने ।

## परिच्छेद २

## कार्यक्रम छनौट, मुल्याङ्कन तथा अनुगमन समिति

४. **कार्यक्रम छनौट, मुल्याङ्कन तथा अनुगमन समिति :** (१) यस कार्यक्रमलाई प्रभावकारी रुपमा सफल बनाउनका साथै कार्यक्रमको प्रस्तावहरु छनौट गर्नका लागि देहाय बमोजिमको एक छनौट तथा मूल्याङ्कन समिति रहनेछ ।

(क) आर्थिक विकास समितिको संयोजक वा निजले तोकेको सदस्य - संयोजक

(ख) पशु सेवा शाखाको कर्मचारी - सदस्य

(ग) पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको समितिलाई सल्लाह सुझाव दिनको लागि तपशिल बमोजिमका सदस्यको एक सल्लाहकार समिति रहनेछ ।

(क) नगर प्रमुख - सदस्य

(ख) नगर उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आर्थिक प्रशासन शाखा - सदस्य

(३) उपदफा (१) बमोजिम समितिले कार्यक्रमको लागि लाभग्राही छनौट गर्दा दफा (८) र देहाय बमोजिमका आधारमा छनौट गर्नु पर्नेछ :-

(क) वडाको सिफारिस,

(ख) पशु सेवा शाखाले गरेको स्थलगत निरिक्षणको प्रतिवेदन,

(ग) राहदानीको १ प्रति प्रतिलिपि

(घ) प्रस्तावकको कार्ययोजना सहितको निवेदन,

**५. समितिको काम, कर्तव्य र अधिकार :** दफा (४) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यस कार्यक्रम बमोजिम लाभग्राहीहरु छनौट तथा मूल्याङ्कन गर्नु पर्ने कार्यमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ख) कार्यक्रम छनौट प्रक्रियालाई पारदर्शी, निष्पक्ष, प्रभावकारी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने,

(ग) नगरपालिका क्षेत्रभित्र छनौट भई सञ्चालनमा आएका कार्यक्रमहरुको अनुगमन गर्ने,

(घ) कार्यक्रमहरु सञ्चालन गर्दा आइपर्ने समस्याहरु समाधान गर्न आवश्यक निर्णय गर्ने,

(ङ) नगरपालिका अन्तर्गत रहेका कृषक, कृषक समुह, फर्म, कृषि सहकारी तथा अन्य निकायसँग समन्वय गरी समग्र पशु क्षेत्रको विकास गर्ने ।

(च) यस कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यकता अनुसार माथिल्लो निकायमा आवश्यक पहल गर्ने ।

(छ) सञ्चालित कार्यक्रमहरुको अनुगमन गरी सो को प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।

## परिच्छेद ३
## कार्यक्रम र अनुदान

**६. कार्यक्रम :** यस कार्यक्रम अर्न्तगत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ :-

(क) गुणस्तरीय दुधालु पशु (भैसी र गाई) खरिद तथा ढुवानी,

(ख) बोयर वा अन्य उन्नत जातको बोका वा बाख्रा खरिद तथा ढुवानी,

(ग) वंगुरको पाठा / पाठी  खरिद तथा ढुवानी

(घ) कुखुरा, हास, कालिज एवं अन्य पंक्षीको चल्ला खरिद तथा ढुवानी,

(ङ) गोठ, खोर निर्माण तथा सुधार,

(च) माछाको भुरा खरिद तथा ढुवानी,

(छ) माछाको पोखरी निर्माण,

(ज) कार्यालयले आवश्यकता ठानेको अन्य क्रियाकलाप ।

७. **अनुदान प्रतिशत :** दफा (६) बमोजिम सञ्चालन गरिने कार्यक्रमहरुमा कृषक युवाहरुलाई अधिक्तम ५०% अनुदान उपलब्ध गराइनेछ ।

## परिच्छेद ४

## कार्यक्रम छनौटका आधार र कार्यान्वयन प्रक्रिया

८. **कार्यक्रम छनौटका आधार :** कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमका आधारहरुलाई प्राथमिकतामा राखी अनुदानग्राहीहरुको छनौट गरिनेछ :-

(क) विदेशबाट फर्केका युवहरुलाई मात्र यस कार्यक्रममा संलग्न गरिनेछ ।

(ख) सम्बन्धित उद्यमीले पेश गरेको कार्य योजनाका आधारमा कार्यक्रम छनौट गरिनेछ ।

(ग) सूचना प्रकाशन गर्नु भन्दा अगावै व्यवसाय गर्दै आएकाहरुलाई प्राथमिकता दिइनेछ ।

(घ) प्रस्तावित योजनाको कम्तीमा ५० प्रतिशत लगानी आफै गर्न ईच्छुक हुनु पर्नेछ ।

(ङ) पेश गरेको कार्य योजना आर्थिक तथा प्राविधिक रुपले सम्भाव्य र वातावरण प्रतिकुल प्रभाव नपार्ने खालको हुनु पर्नेछ ।

९. **अनुदान कार्यक्रम कार्यान्वयन प्रक्रिया:** अनुदान कार्यक्रमको कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) अनुदान कार्यक्रमको विषय उल्लेख गरी शाखाले अनुसूची १ बमोजिमको ढाँचामा नगरपालिकाको वेवसाइट, स्थानीय सञ्चार माध्यमको मार्फत प्रस्ताव आव्हानको लागि सूचना प्रकाशन गर्नेछ र उक्त सूचना शाखामा टाँस गरिनेछ ।

(ख) प्रकाशित सूचना अनुसार बिदेशबाट फर्किएर पशुपालन व्यवसायमा संलग्न युवाहरु वा पशुपालन व्यवसाय शुरु गर्न ईच्छुक युवाहरुले तोकिए बमोजिमका कागजात र कार्ययोजना सहीत अनुसूची २ बमोजिमको ढाँचामा शाखामा निवेदन पेश गर्नु पर्नेछ ।

(ग) खण्ड ख बमोजिम आवेदन दिँदा आवेदन दस्तुर रु १००।- लाग्नेछ ।

(घ) शाखाले प्राप्त प्रस्तावहरुको कार्य स्थलमै गएर फिल्ड भेरिफिकेशन गर्न सक्नेछ ।

(ङ) संलग्न प्रस्तावना/निवेदन, आवश्यक कागजात र फिल्ड भेरिफिकेशनबाट प्राप्त विवरणको आधारमा शाखाले प्रतिवेदन र अनुसूची ३ बमोजिमको प्रस्ताव मूल्याङ्कन फाराम तयार गर्नेछ । मुल्याङ्कन समितिले प्रतिवेदन र प्रस्ताव मूल्याङ्कन फारामको आधारमा अनुदानग्राही छनौटको निर्णय गर्नेछ ।

(च) छनौट भएका अनुदानग्राहीको नतिजा नगरपालिकाको वेवसाइटमा राखिनेछ र शाखा मार्फत अनुदानग्राहीलाई जानकारी गरिनेछ ।

(छ) अनुदानका लागि छनौट भएका कृषक/व्यवसायीसँग कार्य सञ्चालनको लागि अनुसूची ४ अनुसारको सम्झौता गरिनेछ र आवश्यकता अनुसार शाखाबाट स्थलगत अनुगमन गरी शाखाको सिफारिसका आधारमा नगरपालिकाले भुक्तानी दिनेछ ।

(ज) कार्यक्रम सञ्चालन गर्दा गुनासो परेमा थप निर्णय नगर कार्यपालिकाले गर्नेछ ।

**१०. अनुदान रकम असुल उपर गराइने :** कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराईएको हो सोही प्रयोजनको लागि खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा लाभग्राहीबाट अनुदान रकम नगरपालिकाले असुल उपर गर्न सक्नेछ ।

## परिच्छेद ५

## विविध

**११. विवादको समाधान गर्नु पर्ने :** कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा कार्यपालिकाबाट दिइने निर्णय अन्तिम हुनेछ ।

**१२. कारबाही हुने :** अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

**१३. अभिलेख राख्नु पर्ने :** यस कार्यक्रम बमोजिम सेवा लिने अनुदानग्राहीको अभिलेख राख्ने प्रमुख जिम्मेवारी पशु सेवा शाखाको हुनेछ ।

**१४. प्रतिवेदन पेश गर्नु पर्ने :** (१) कार्यक्रमको प्रतिवेदन सम्बन्धित शाखाले कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजानिक गर्नु पर्नेछ ।

**१५. खर्च र लेखा परीक्षण :** (१) कार्यक्रमको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कार्यक्रमको आयव्ययको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षकबाट हुनेछ ।

(३) कार्यक्रमको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१६. व्याख्या, संशोधन र खारेजी** : यस कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

**१७. प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १
## दफा ९ (क) सँग सम्बन्धीत
## कार्यक्रम सम्वन्धी प्रस्ताव आव्हानको

सूचनाको ढाँचा

**सूचना । सूचना ॥ सूचना ॥।**

यस कार्यालयको आ.व. २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **पशुपालन व्यवसायमा संलग्न युवालाई प्रोत्साहन कार्यक्रम** रहेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

तपशिलः

१. आवेदन फाराम,

२. कार्य योजना (प्रस्तावना),

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

४. राहदानीको प्रतिलिपि,

५. वडा कार्यालयको दोहोरो अनुदान नपाएको र बिदेश गई फर्केर आएको भनी प्रमाणित सिफारीस ।

**अनुसूची २**
**दफा ९ (ख) सँग सम्बन्धीत**
**कार्यक्रमको लागि दिईने**
**आवेदन-पत्र**

श्री.............................,

पालुङटार नगरपालिका, गोरखा ।

विषय : अनुदान सहयोग उपलब्ध गराई दिने वारे ।

महोदय,

उपरोक्त विषयमा मलाई बिदेशबाट फर्किएर पशु पालन व्यवसायमा संलग्न युवाहरुलाई प्रोत्साहन कार्यक्रमका अनुदान सहयोग प्राप्त गरी .................. कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रिया अनुसार कार्य गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिलः

१. आवेदन फाराम,

२. कार्य योजना (प्रस्तावना),

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

४. बिदेश गई फकेर आएको पासपोर्टको प्रतिलिपि,

५. वडा कार्यालयको दोहोरो अनुदान नपाएको र बिदेश गई फर्केर आएको भनी प्रमाणित सिफारीस ।

निवेदक :

नाम :

दस्तखत :

ठेगाना :

सम्पर्क नं.

**अनुसूची ३**

**दफा ९ (ङ) सँग सम्बन्धीत**

**प्रस्ताव मूल्याङ्कन फारम**

| क्र.स. | विवरण | अङ्कभार |
|---|---|---|
| १ | आवश्यक कागजातहरुको संलग्नता | १० |
| २ | बिदेशबाट फर्किएर आएको समय तीन बर्ष भन्दा कम/<br>तीन बर्ष भन्दा बढी भएको | २०/१० |
| ३ | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम | १० |
| ४ | कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसँगको तालमेल | १० |
| ५ | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्त भएको/<br>उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्त नभएको | २०<br>१० |
| ६ | हाल सम्म अनुदान नपाएको/हाल सम्म अनुदान पाएको | १० /५ |
| ७ | विगत समय देखि नै पशुपालन गर्दै आएको/शुरुवात | १०/५ |
| ८ | पूर्वाधारको व्यवस्था | १० |
| जम्मा | | १००/७० |

**अनुसूची ४**

**दफा ९ (छ) सँग सम्बन्धीत**

**सम्झौता-पत्र**

पालुङटार नगरपालिका अन्तर्गतको पशु सेवा शाखा मार्फत सञ्चालन गरिने चालु आ.व. ............. को स्वीकृत कार्यक्रम सञ्चालन गर्न पालुङटार नगरपालिका, (यस पछि पहिलो पक्ष भनिने) र छनौट भएका कृषक गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं......बस्ने....... श्री.................................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि कार्ययोजना अनुसार आवश्यकता अनुसार सामाग्री वा सोझै चेक मार्फत अनुदान स्वरुप रकम उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक सेवा प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ........................... व्यवसाय सञ्चालन गर्नेछ । कम्तीमा ५(पाँच) वर्षसम्म दोश्रो पक्षले उक्त व्यवसायलाई निरन्तरता दिनु पर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन् । व्यवसायलाई सफल पार्न सहजकर्ताको भूमिका निर्वाह गर्नेछन् ।

४. व्यवसायबाट प्रतिफल पाउन शुरु गरेपछि कम्तीमा ५(पाँच) वर्षसम्म दोश्रो पक्षले प्रथम पक्षलाई प्रगति प्रतिवेदन प्रत्येक चौमासिक रुपमा वुझाउने छ ।

५. पहिलो पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले कम्तीमा ५(पाँच) वर्षसम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो भएको पाईएमा निजबाट सो रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरीनेछ । व्यवसायबाट उत्पादित वस्तुको बजार व्यवस्थापनमा प्रथम पक्षले सहयोग गर्न सक्नेछ ।

६. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ ।

७. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| दोस्रो पक्षः | प्रथम पक्ष : |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : | नाम : |

| | |
|---|---|
| पद : | पद : |
| ठेगाना : | ठेगाना : |
| सम्पर्क नं. : | कार्यालय : |
| | कार्यालयको छाप : |
| रोहवर | रोहवर |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : | नाम : |
| पद : | पद : |

इति सम्वत...............साल..........महिना...........गते राज............शुभम् ।

आज्ञाले,
गौतम भण्डारी
प्रमुख पूसाशकीय अधिकृत